आज मिति २०८२/०२/१४ गते बुधबारका दिन यस रतुवामाई नगरपालिका, सिजुवा, मोरङ्गका नगर प्रमुख श्री नागेश्वर प्रसाद सिंह गन्गाईज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिल अनुसारको उपस्थितिमा बसी देहायको प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो।

| क्र.सं. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नागेश्वर प्रसाद सिंह गन्गाई | नगर प्रमुख | |
| २. | श्री दमयन्ता देवी चुडाल | नगर उप-प्रमुख | |
| ३. | श्री घनश्याम गिरी | १ नं. वडाध्यक्ष | |
| ४. | श्री जिमारत मियाँ | २ नं. वडाध्यक्ष | |
| ५. | श्री देवी लाल ताजपुरिया | ३ नं. वडाध्यक्ष | |
| ६. | श्री महावीर प्रसाद गन्गाई | ४ नं. वडाध्यक्ष | |
| ७. | श्री सोमनाथ कार्की | ५ नं. वडाध्यक्ष | |
| ८. | श्री टेक बहादुर लिम्बु | का.वा.वडाध्यक्ष-६ | |
| ९. | श्री राम कार्की | ७ नं. वडाध्यक्ष | |
| १०. | श्री पुष्प बहादुर कार्की | ८ नं. वडाध्यक्ष | |
| ११. | श्री इन्द्र बहादुर लिम्बु | ९ नं. वडाध्यक्ष | |
| १२. | श्री भुल बहादुर कार्की | १० नं. वडाध्यक्ष | |
| १३. | श्री कल्याणी कुमारी ताजपुरिया | कार्यपालिका सदस्य | |
| १४. | श्री केचकनिया हरिजन | कार्यपालिका सदस्य | |
| १५. | श्री गीता कुमारी लिम्बु | कार्यपालिका सदस्य | गीता |
| १६. | श्री गोमा हस्दा सतार | कार्यपालिका सदस्य | गोमा |
| १७. | श्री ज्योती परियार | कार्यपालिका सदस्य | |
| १८. | श्री प्रेम बहादुर राई | कार्यपालिका सदस्य | |
| १९. | श्री लुखीराम हस्दा | कार्यपालिका सदस्य | |
| २०. | श्री हरि बहादुर राई | कार्यपालिका सदस्य | |
| २१. | श्री डम्मरु बल्लभ बराल | सचिव (प्र.प्र.अ.) | |

Scanned with CamScanner

**कार्यपालिका निर्णय :**

१ . रतुवामाई नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार नगरवासीहरुको स्वास्थ्य सेवालाई मध्यनजर गर्दै विशेषज्ञ टोली सहितको वृहत स्वास्थ्य शिविर संचालन गर्ने कार्यक्रम अनुसार तपशिल अनुसारको क्षेत्रमा रतुवामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय , सिजुवा मोरङको आयोजना र नोबेल मेडिकल कलेज विराटनगर मोरङको प्राविधिक सहयोगमा विशेषज्ञ टोलि सहितको निशुल्क वृहत स्वास्थ्य शिविर संचालन गर्ने र उक्त शिविर संचालन गर्दा गर्नुपर्ने आवश्यक व्यवस्थापकीय कार्य नगरपालिकाले गर्ने र निम्न अनुसार संयोजक रहने भनि सर्वसहमतिले निर्णय गरियो ।

**शिविर संचालन हुने मिति, समय र स्थान :**

१. मिति : २०८२/१/१९ गते सोमबार स्थान : रतुवामाई नगर अस्पताल, रतुवामाई ४ झुरकिया
   संयोजक – महाबीर प्रसाद गन्गाई
२. मिति : २०८२/१/२०गते मंगलबार स्थान : सौठा वहुमुखी क्याम्पस , रतुवामाई ६
   संयोजक - टेक बहादुर लिम्बु
३. मिति : २०८२/१/२१ गते बुधबार स्थान : सर्वेश्वर शिव मन्दिरको सभाहल, रतुवामाई ९ भौडाहा –
   संयोजक - इन्द्र बहादुर लिम्बु

२. रतुवामाई नगरपालिका मार्फत सामाजिक सूरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही हरु मध्ये तपशिल अनुसारका लाभग्राहीहरुको भत्ता प्राप्त गर्न छुट भएको हुदा कोष तथा लेखा नियन्त्रक कार्यालय मोरङ मार्फत माग गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

| दायित्व सृजना भएको मिति | संकेत नं | खर्च शीर्षक | कार्यक्रमको नाम | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बाँकी रकम | भुक्तानी बाँकी रहनुको कारण |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ६ | ७ | ८ |
| 2081/03/31 | | 27111 | ६८ बर्ष माथिको जेष्ठ नागरिक अन्य | बुधलाल गिरी | १२००० | EFT REJECT भएको |
| 208१/03/३१ | | | | दाताराम भट्टराई | १२००० | forward feed मा नाम नआएकोले माग गर्न छुट भएको । |
| 208१/03/31 | | | बिधुवा महिला | बिष्णु कुमारी दर्जी | ७९८० | forward feed मा नाम नआएकोले माग गर्न छुट भएको । |
| 208१/03/३१ | | | अति अशक्त अपांग | दारुल खातुन | ६३८४ | EFT REJECT भएको |
| जम्मा | | | | | | ३८३६४ |

३. रतुवामाई नगरपालिका १० नं वडाको खेलमैदानको जग्गा भाडा प्रति कठ्ठा १७५० का दरले १ विघा जग्गाको वार्षिक भाडा रु.३५,०००/- (पैतिस हजार रुपैया मात्र) जग्गा धनिलाई उपलब्ध गराउने भनी सर्वसम्मत निर्णय गरियो ।

४. अन्तर पालिकाहरुको असल अभ्यास अनुसरण गर्ने र अनुभवहरु आदान प्रदान गर्ने उद्देश्यले रतुवामाई नगरपालिका कार्यपालिका सदस्य टोली सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड नगरपालिका भ्रमण गर्न मिति २०८२/०२/१५ गते रतुवामाई नगरपालिकाबाट प्रस्थान गर्ने सर्वसम्मत निर्णय गरियो ।

Scanned with CamScanner